# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः २०८२।०३।२६

## भाग — २

### शिवराज नगरपालिका मदिरा बिक्री तथा नियमन सम्बन्धी कार्यविधि २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"शिवराज नगरपालिका मदिरा बिक्री तथा नियमन सम्बन्धी कार्यविधि २०८२"** बनाई लागू गरेको छ ।

# शिवराज नगरपालिका मदिरा बिक्री तथा नियमन सम्बन्धी कार्यविधि २०८२

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०३/१०*

**प्रस्तावना**

शिवराज नगरपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन बिक्री वितरण तथा सेवनलाई नियन्त्रणका साथै मदिरा बिक्री वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०८२ को दफा १०२ को उपदफा (२) र शिवराज नगरपालिका व्यवसाय ऐन, २०८२ को दफा २३ को उपदफा (१) बमोजिम शिवराज नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भ

**१ संक्षिप्त नाम र प्रारम्भ**

**क)** यस कार्यविधिको नाम शिवराज नगरपालिका मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमन कार्यविधि, २०८२ रहेको छ।

**ख)** यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२ **परिभाषा**— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

**क)** ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

**ख)** नगरपालिका भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्छ।

**ग)** नगर कार्यपालिका भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

**घ)** सभा भन्नाले शिवराज नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

**ङ)** प्रमुख भन्नाले शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख सम्झनु पर्दछ।

**च)** उप प्रमुख भन्नाले शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयको उप प्रमुख सम्झनु पर्दछ।

**छ)** प्रमुख प्रशासकीय अधिकृत भन्नाले शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

**ज)** वडा अध्यक्ष भन्नाले शिवराज नगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ।

**झ)** कार्यालय भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

**ञ)** मूल समिति भन्नाले शिवराज नगरपालिकामा गठित शिवराज नगरपालिकाको मदिरा बिक्री बितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्छ।

**ट)** समिति भन्नाले प्रत्येक वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

**ठ)** मदिरा भन्नाले फलफूल तथा अन्य कुहाई वा अन्य कुनै तरिकाले नेपाल सरकारको मापदण्ड अनुरुप तयार पारिने विदेशि वा स्वदेशी अल्कोहलिक पदार्थ मिश्रित सबै किसिमको रक्सी बियर वाईन अथवा त्यसको विभिन्न स्वरुपलाई समेत जनाउँदछ।

**ड)** घरेलु मदिरा भन्नाले घरेलु सामाग्री कच्चा पदार्थहरु प्रयोग गरी नेपाल सरकारको मापदण्ड पूरा नगरी तयार पारिएको मदिरालाई जनाउँदछ।

**ढ)** डिलरवाला भन्नाले शिवराज नगरपालिका भित्र मदिराको थोक बिक्री गर्ने अनुमति प्राप्त विक्रेतालाई सम्झनु पर्छ।

**ण)** होटल भन्नाले भोजन खानापानको प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यवसायिक उद्देश्यको लागि सञ्चालन गरिएको होटल सम्झनु पर्छ र सो शब्दले रेष्टुरा समेतलाई जनाउँदछ।

**त)** अनुमति पत्र भन्नाले शिवराज नगरपालिकाले मदिरा बिक्री वितरण गर्न दिएको व्यवसाय पत्र प्राप्त पछी आन्तरिक राजस्व कार्यालयबाट जारी गरिने मदिरा बिक्री वितरण अनुमती प्रमाण पत्रलाई बुझिन्छ।

**थ)** मदिरा बिक्री वितरण नियन्त्रण भन्नाले कुनै व्यक्ति वा व्यवसायीले अनुमति पत्र बेगर वा अनुमति पत्र पाएकोले पनि अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाइने छैन।

## परिच्छेद -२

## समिति गठन सम्बन्धी व्यवस्था

३ **मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठनः**मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ।

क) प्रमुख शिवराज नगरपालिका — संयोजक

ख) उप-प्रमुख शिवराज नगरपालिका — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) कार्यपालिका सदस्यबाट एक जना महिला सहित दुई जना सदस्य — सदस्य

ङ) प्रमुख स्थानीय सुरक्षा निकाय वडा प्रहरी कार्यालय चन्द्रौटा — सदस्य

च) प्रतिनिधि स्थानीय वाणिज्य कार्यालय — सदस्य

छ) प्रतिनिधि घरेलु तथा साना व्यवसायी समिति — सदस्य

ज) प्रतिनिधि आन्तरिक राजश्व कार्यालय — सदस्य

झ) प्रतिनिधि स्थानीय होटल व्यवसायीहरुको संगठन — सदस्य

ञ) प्रतिनिधि व्यापार संघ — सदस्य

ट) प्रतिनिधि उद्योग वाणिज्य संघ — सदस्य

ठ) प्रतिनिधि मदिरा व्यवसायी संघ — सदस्य

ड) राजस्व शाखा प्रमुख — सदस्य

ढ) आर्थिक विकास शाखा प्रमुख — सदस्य सचिव

**४ मूल समितिको काम कर्तव्य र अधिकारः**

क) अव्यवस्थित मदिराको बिक्रि वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति विसङ्गतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

**ग)** मदिराको बिक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागू गर्ने गराउने।

**घ)** यो कार्यविधि विपरित मदिरा बिक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने गर्न लगाउने।

**ङ)** मदिरा बिक्री वितरण व्यवस्थापन गर्न आवश्यक अध्ययन अनुगमन गर्ने गराउने।

**च)** वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कारवाहीको अनुगमन गर्ने गराउने।

**छ)** नगरपालिकालाई मदिरा बिक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति बजेट तथा कार्यक्रमका बारेमा लिखित सुझाव दिने।

**५ वडा स्तरीय मदिरा व्यवस्थापन समिति —**मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन गरिनेछ

क) सम्बन्धित वडाको  वडा अध्यक्ष — संयोजक

ख) सम्बन्धित वडाको  वडा सदस्यहरु — सदस्य

ग) प्रतिनिधि स्थानीय सुरक्षा निकाय — सदस्य

घ) सम्बन्धित वडाका नागरिक संगठन संघ संस्था टोल आमा समूह मध्येहरुबाट वडा अध्यक्षले तोकेको ३ जना — सदस्य

ङ) प्रतिनिधि संयुक्त/टोल सुधार समन्वय समिति — सदस्य

च) प्रतिनिधि होटल संघ/संगठन सदस्य

छ) प्रतिनिधि होटल तथा पेय पर्दाथ संगठन सदस्य

ज) सम्बन्धित वडाका वडा सचिव सदस्य सचिव

**६ वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार-**

क) मदिरा व्यवसाय सञ्चालन अनुमति दिदाँ कार्यविधिमा उल्लेख भएका प्रक्रिया पूरा गर्ने व्यवसायिलाई मात्र इजाजत पत्र प्रदान गर्नका लागि वडाबाट सिफारिस गर्न लगाउने।

ख) वडामा यस कार्यविधि बमोजिम मदिरा बिक्री वितरण तथा सेवन भएको छ छैन ?सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने।

ग) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने।

घ) यस कार्यविधिको पालना नगर्नेलाई कार्यविधि बमोजिम जरिवाना गर्ने।जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने।

ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने।

च) यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने अन्य कार्य गर्ने ।

छ) कार्यविधि कार्यान्वयनका लागि आवश्यक सुझावहरु भए समितिबाट निर्णय गराई मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने।

## परिच्छेद-३

**७ मदिरा व्यवस्थापन कोष सम्बन्धी व्यवस्थाः** यस कार्यविधि विपरित मदिरा बिक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको १५ प्रतिशत राजश्व खातामा जम्मा हुनेछ।बाँकी रकमको केही हिस्सा मदिरा तथा लागू पदार्थ सेवन विरुद्धका जनचेतना मूलक कार्यक्रममा र केही हिस्सा मदिरा तथा लागू पदार्थ सेवन विरुद्धका जनचेतना मूलक कार्यक्रममा र केही हिस्सा नगरपालिकाको कल्याणकारी कोषमा जम्मा गरी सो सम्बन्धी कार्यविधि बमोजिम खर्च गरिनेछ।

## परिच्छेद-४

**मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

**क)** मदिरा व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट अनिवार्य इजाजत पत्र लिनु पर्ने र मदिराको बीक्री वितरण गर्दा सामाजिक सदभाव शान्ति सुव्यवस्था अमन चयन खल्बलिन नहुने घरेलु हिसा समाजमा झैझगडा नहुने शान्ति कायम हुने गरी मात्र सञ्चालन गर्नु पर्नेछ।

**ख)** मदिरा बिक्री वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि इजाजत पत्र दिएको हो सो बमोजिम थोक बिक्रेताले दिउँसो १:०० बजे देखि ९:०० बजे सम्म खुद्रा बिक्रेताले बेलुका ६:०० बजे देखि रात्ति ९:०० बजे सम्म व्यवसाय सञ्चालन गर्न पाइनेछ। तर नगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्र भित्र उक्त समय सीमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**ग)** कुनै पनि मदिरा पसलले सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र पुस्तकालय, सरकारी कार्यालय तथा सामाजिक महत्वका स्थानबाट २०० मिटर भित्र मदिरा बेच विखन गर्न पाइने छैन।

**घ)** मदिरा बिक्री वितरणको कारोबार गर्न अनुमति लिएकाहरुले बाहेक सोही ठाँउमा अन्य व्यवसायको कारोबार गर्न पाउने छैन। साथै जुन स्थानमा व्यवसाय गर्ने हो सोही स्थानमा व्यवसाय गर्नु पर्नेछ। स्थान परिवर्तन गर्नु परेमा सो को पूर्व सहमति वडा कार्यालय तथा नगरपालिकाबाट लिनु पर्नेछ।

**ङ)** किराना खाद्यान्न तरकारी औषधी मासु कपडा फलफूल लगायतका कुनै पनि पसलबाट मदिरा बिक्री वितरण गर्न पाइने छैन।

**च)** मदिराको स्वीकृति लिएका होटलहरुमा खाना र बास क्षेत्र बाहेक मदिरा सेवन रेष्टुरेण्ट अलग्गै हुनु पर्नेछ।

**छ)** १८ वर्ष मुनिका तथा गर्भवती र सुत्केरी महिलाहरुलाई मदिरा खरिद बिक्री वितरण र ओसारपसार गर्न गराउन पाइने छैन।

**ज)** इजाजत पत्र प्राप्त गरी उत्पादन गर्ने व्यवसायीले मदिराको प्रत्येक बोटलको बिर्कोमा पर्ने गरी अन्त शुल्क टिकट टाँस गरेको हुनु पर्दछ।

**झ)** मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विवरण राख्नु पर्नेछ।

**ञ)** मदिरा बिक्री वितरण गर्ने इजाजत प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिने गरी बोर्ड राख्नु पर्नेछ। त्यसै गरी कानुन बमोजिम सरकारी निकायहरबाट लिएको इजाजत पत्रहरु सबैले देख्ने गरी कारोबारको स्थलमा राख्नु पर्नेछ ।

**ट)** कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन। त्यसै गरी कानुनले बन्देज गरेको घरेलु मदिरा बिक्री वितरण ओसारपसार आदि गर्न पाइने छैन।

**ठ)** समुदायको धर्म संस्कार चाडपर्वलाई मात्र ध्यान दिएर सम्बन्धित पक्षबाट वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई अनुरोध हुन आएमा सामाजिक शान्ति सुव्यवस्थामा अमनचयन नखलबलिने घरेलु हिंसा सामाजिक झैझगडा नहुने र शान्ति कायम हुने गरी मात्र वडा स्तरीय व्यवस्थापन समितिको निर्णयमा समय सीमा तोकी मदिरा प्रयोग गर्न सकिनेछ।

**ड)** मदिरा व्यवसायीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनै पनि प्रकारका फोहोर सार्वजनिक स्थलमा फाल्न पाइने छैन।

**ढ)** मदिरा व्यवसायी वा अन्य बिक्रेताले हाटबजार सार्वजनिक स्थल चोक तथा मेला पर्वहरुमा मदिरा बिक्री वितरण गर्न पाइने छैन।

**ण)** मानव स्वास्थ्य प्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार प्रसार माइकिङ्ग विज्ञापन तथा होर्डिङ्ग बोर्ड राख्न पाइने छैन।

**त)** मदिरा बिक्रेता तथा सेवन कर्ताहरुले अनुमति प्राप्त होटल रेष्टुरा बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाइने छैन।

**थ)** तोकिएको समयमा सीमा भन्दा बढी सञ्चालन भएको पाइएमा दोब्बर जरिवाना लाग्नेछ र तीनपटक भन्दा बढी यो कदम दोहोरिएमा अनुमति पत्र खारेज गर्न सकिनेछ।

**द)** मदिरा व्यवसायमा यौनजन्य लैङ्गिङ्क हिंसा अश्लील क्रियाकलाप बाल शोषण आदि गरेको पाइएमा काननून बमोजिम कारवाही गरिनेछ।

## परिच्छेद -५

**९ कारवाही जफत र सामानको बिक्री सम्बन्धी व्यवस्था** : यो कार्यविधि विपरित मदिरा बिक्री वितरण गरेको पाइएमा देहाय बमोजिम गरिनेछ :

**क)** कुनै पनि व्यक्ती तथा व्यवसायीहरुले यस कार्यविधि र प्रचलित कानून विपरीत मदिराको उत्पादन बिक्री

**ख)** उपखण्ड (क) बमोजिम जफत गरेको मदिरा मध्ये बिक्री योग्य मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम बिक्री गर्नु पर्नेछ। बिक्री योग्य नरेहेको मदिरा वातावरणमा क्षति नपुग्ने तवरले नष्ट गर्नु पर्नेछ।

**ग)** यस कार्यविधि र प्रचलित कानून विपरीत मदिरा कारोबार गर्न प्रयोग गरिएको सबै सामानहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ।तर सवारी साधनको हकमा एक पटकको लागि छोडीनेछ तर पून : दोहोरिएको मदिरा कारोबारको रकमलाई आधार मानी दोब्बर रकम सवारी साधनमा मदिरा ओसारपसार भएको पाइएमा मूल समितिले निर्णय गरेबमोजिमको कारबाही हुनेछ।

**घ)** इजाजत प्राप्त गरी सञ्चालनमा आएका पसलमा नियमित जसो होहल्ला सामाजिक अमनचयन छिमेकिलाई वातावरणीय तथा ध्वनीले पर्ने प्रभाव कारण असहज अवस्था भएमा सामूहिक उजुरी वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा पेश गर्न सकिनेछ। वडा स्तरीय व्यवस्थापन समितमा उजुरी परेको ७ दिन भित्र सो को प्रक्रिया अगाडि बडाउनु पर्नेछ।सो अवधिमा निवेदन उपर कुनै प्रक्रिया अगाडि नबढेमा उक्त उजुरी कर्ताहरुले मूल समितिमा पून: निवेदन सक्नेछन् र सो उजुरी उपर छानबिन गरी सामान्य देखि सामाजिक अवस्था खल्बलिने अवस्थाको प्रतिवेदन प्राप्त भए मूल समितिले सो व्यवसायीलाई सचेत गराउने व्यवसाय बन्द गराउने देखि इजाजत पत्र समेत खारेज गर्न सक्नेछ।

**ङ)** मदिरा व्यवसयीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनै प्रकारका फोहोर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा सो व्यवसायीलाई प्रथम पटक सचेत गराउने तथा पटक-पटक दोहोरिएमा मूल समितिले सो व्यवसायीलाई सचेत गराउने व्यवसाय बन्द गराउने देखि इजाजत पत्र समेत खारेज गर्न सक्नेछ।

**च)** यस कार्यविधि र प्रचलित कानून कार्यान्यनको लागि नगरपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकायको कर्तव्य हुनेछ।

**१० यो कार्यविधि र प्रचलित कानून विपरीत मदिरा बिक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ :**

**क)** पहिलो पटक रु १०००।( रु एक हजार )

**ख)** दोस्रो पटक रु १५००।( रु एक हजार पाँच सय )

**ग)** तेस्रो पटक रु २०००।( रु दुई हजार )

**घ)** सो भन्दा बढी पटक भएमा मूल समितिले थप रकम जरिवाना साथै इजाजत पत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

११ जरिवाना सम्बन्धी अन्य व्यवस्था :

१ यस कार्यविधि विपरित मदिरा सेवन गरी समाजमा शान्ति सुव्यवस्था अमनचयन खल्बल्याउने झैझगडा गर्ने होहल्ला गर्ने जस्ता कार्य गरेको हीँडेको पाइएमा देहाय बमोजिम जरिवाना गरिनेछ:

क) पहिलो पटक रु ५०००।( रु पाँच हजार )

ख) दोस्रो पटक रु ७०००।( रु सात हजार )

ग) तेस्रो पटक रु ९०००।( रु नौ हजार )

घ) सो भन्दा बढी पटक भएमा प्रत्येक पटक रु ११०००।( रु एघार हजार )

जरिवाना गरिनेछ।

२ राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा शत प्रतिशत जरिवाना थप गरी जरिवाना गरिनेछ। सो पश्चयात राष्ट्र सेवक कर्मचारीको हकमा विभागीय कारवाही प्रक्रिया अगाडि बढाइनेछ।

३ नगरपालिकाको नगर सभामा प्रतिनिधित्व गर्नु हुने जनप्रतिनिधिले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा शत प्रतिशत जरिवाना सहित थप कारवाहीको लागि नगर सभाले नगर सभाले निर्णय गरे बमोजिम हुनेछ।

४ यदि कुनै व्यक्तिले उल्लेखित जरिवाना तिर्न इन्कार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कारबाही गर्न सक्नेछ।

५ प्रचलित कानून अनुसार मदिरा व्यवसायको इजाजत पत्र नलिई व्यवसाय गरेको पाइएमा सो व्यवसायलाई कारबाही सहित व्यवसाय शिलबन्दी गर्नेछ।

६ वैवाहिक समारोह ब्रतवन्ध तथा अन्य भोज कार्यक्रम (समाजिक सांस्कृतिक रुपमा परम्परा रहेको समुदाय बाहेक) मा मदिरा प्रयोग गर्नु पर्ने भए मदिरा खरिद र प्रयोगको अनुमति सम्बन्धित वडा स्तरीय मदिरा व्यवस्थापन समितिबाट लिनुपर्नेछ।

७ मदिरा व्यवसायीहरुले मदिरा स्वास्थयका लागि हानिकारक छ भन्ने नारा सबैले देखिने गरी राख्नु पर्नेछ।

८ भाडामा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तथा नवीकरण गर्दा अनिवार्य रुपमा घर बहाल सम्झौताका कागजातहरु पेश गर्नु पर्नेछ।

९ यो कार्यविधिलाई परिपालन गर्न गराउन प्रत्येक नगरबासिको कर्तव्य हुनेछ।

१० यो कार्यविधि कार्यान्वयन पछि नगरपालिका क्षेत्रभित्र सञ्चलनमा रहेका सबै मदिरा व्यवसायीहरुलाई नगरपालिकामा दर्ता गरी अद्यावधिक गरिनेछ ।

***प्रमाणिकरण मितिः २०८२/०३/१०***

***आज्ञाले,***
***बाबुराम पौडेल***
***प्रमुख प्रशासकीय अधिकृत***